## दैनिक कार्यको जानकारी

**मिति:२०८२।०१।३१**

**रोजगारदाता र श्रमिक बीच अन्तरसंवाद तथा पुनःएकीकरण सम्वन्धमा निजी क्षेत्रसँग समन्वय वैठक सम्पन्न**

२०८२ बैशाख ३१ गतेका दिन सामाजिक विकास मन्त्रालयको आयोजनामा एक दिने प्रदेशस्तरीय रोजगारदाता र श्रमिक बीच अन्तरसंवाद तथा पुनःएकीकरण सम्वन्धमा निजी क्षेत्रसँग समन्वय वैठक सम्पन्न भएको छ।कार्यक्रमको उदेश्य श्रमबजारको अवस्था, रोजगारीको अवसर, श्रम तथा रोजगारीको क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरुको पहिचान र रोजगारदाताहरुको आवश्यकता विश्लेषण गरी रोजगारी सृजनाका  लागी प्रदेश सरकारले गर्न सक्ने सहजीकरण, समन्वय र सहकार्यको क्षेत्र पहिचान गर्नु रहेको थियो ।  कार्यक्रम सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री पाँचकर्ण राईज्युको अध्यक्षता सहित कार्यक्रमको उदघाटन ब्यानर पढेर गर्नु भएको थियो।कार्यक्रममा मन्त्रालयका निमित्त सचिव श्री दामोदर फुयाल सहित महाशाखा प्रमुखहरु, श्रम सल्लाहकार परिषद्का उपाध्यक्ष श्री राजीव घिमिरे, श्रम तथा रोजगार कार्यालयका कार्यालय प्रमुख, सामाजिक सुरक्षा कोषका कार्यालय प्रमुख, नेपाल उद्योग वाणिज्य संघ कोशी प्रदेशका प्रतिनिधि, रोजगारदाताहरु र सामी कार्यक्रम र रेमी परियोजनाका प्रतिनिधिहरु  लगायतका करिब ५५ जनाको उपस्थितिमा रहेको थियो। बैठक सञ्चालन शाखा अधिकृत श्री प्रदिप गौतम बाट भयो भने सहभागिहरुलाई स्वागत तथा कार्यक्रमको उदेश्य र प्रदेश सरकारको हालसम्मको प्रयास बारे महाशाखा प्रमुख श्री शम्भुप्रसाद साहज्युले प्रस्तुत गर्नुभएको थियो।त्यसैगरी दोश्रो प्रस्तुतिकरण श्री महेन्द्र मोरंग आर्दश बहुमुखि क्याम्पसका उप-प्रा. डा. श्री चन्द्र उपाध्यायले गत आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयले गरेको श्रम बजारको Demand and Supply को अवस्था विषयमा गरिएको अध्ययनको आधारमा प्रस्तुतिकरण गर्नुभएको थियो।साथै कार्यक्रममा सम्वन्धित सरोकारवालाहरुसँग श्रम वजारको विश्लेषण र रोजगारदाताहरुको आवश्यकता सम्वन्धमा प्रस्तुतिकरण र छलफल गरियो । आगामी दिनमा समन्वय, सहकार्य र सहजीकरण गर्ने क्षेत्रहरुको पहिचाहन सो कार्यक्रमले गरेको छ।

